"सुशासन, विकास, समृद्धि र समानताका लागि सूर्यमा मतदान"



# पीताम्बर भुसाल

## प्रतिनिधि सभा सदस्य उम्मेदवार

## अर्घाखाँची

प्रापक:
आदरणीय मतदाता ज्यू

प्रेषक:
पीताम्बर भुसाल
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाँची

२०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन हुन गइरहेको यहाँलाई अवगत नै छ । यस निर्वाचनमा म पीताम्बर भुसाल नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट चुनाबी मैदानमा उत्रिएको छु । म यही अर्घाखाँचीको माटोमा हुर्किएको, यहाँका पीडा, सपना र सम्भावनासँग जोडिएको एक नागरिकको हैसियतले तपाईंहरु समक्ष प्रतिनिधि सभा सदस्य पदको उम्मेदवारको रुपमा प्रस्तुत भएको छु । हाम्रो जिल्ला मात्र होइन, हाम्रो देशले नै कठिन समय पार गर्दै अगाडि बढ्नुपर्ने मोडमा आज यो निर्वाचन आएको छ र यसले सही निर्णयको माग गरिरहेको छ ।

हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का श्रद्धेय अध्यक्ष कमरेड के.पी. शर्मा ओलीको नेतृत्वकालमा देशले स्थायित्व, आत्मविश्वास र विकासको स्पष्ट दिशा पाएको कुरा तपाईं-हामी सबैका सामु घाम जस्तै छर्लङ्ग छ । संविधान कार्यान्वयनको मजबुत आधार, राष्ट्रिय स्वाभिमानमा अडिग अडान, पूर्वाधार विकासमा देखिएको तीव्रता, उज्यालो नेपाल अभियान, सामाजिक सुरक्षाको विस्तार र "नेपाल आफैं सक्छ" भन्ने आत्मबल-यी सबै उहाँको नेतृत्वकालका ठोस उपलब्धिहरु हुन् । यी उपलब्धिहरुले देशलाई मात्र होइन, गाउँ-गाउँका नागरिकलाई पनि आशा र भरोसा दिएका छन् । म यही राष्ट्रिय सोंच, नीति र विकासको दिशालाई अर्घाखाँचीमा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न चाहन्छु।

यहाँ शुरु भएका विकासका कामलाई अधुरो छोड्ने होइन, पूर्णता दिने मेरो प्रतिबद्धता छ । अर्घाखाँचीका युवालाई अवसर, किसानलाई प्रोत्साहन, श्रमिकलाई सुरक्षा, उत्तरदायी शासन, भ्रष्टाचार शून्य प्रशासन र आम नागरिकलाई राज्यको अनुभूति दिलाउने लक्ष्य सहित म तपाईंहरुको विश्वास मागिरहेको छु । विश्वास छ, तपाइले मलाइ पूर्ण रुपमा साथ, सहयोग र समर्थन प्रदान गर्नुहुनेछ ।

यो निर्वाचन केवल मलाई जिताउने वा हराउने प्रश्न होइन । यो अर्घाखाँचीको भविष्य कता लैजाने भन्ने साझा निर्णय हो । हिजो देशलाई स्थायित्व र विकासको बाटोमा डोर्‍याएको नेतृत्वको विचार र अनुभवसँग अर्घाखाँचीलाई जोड्ने कि नजोड्ने-त्यसको फैसला तपाईंको एक मतले गर्नेछ ।

त्यसैले कुनै भ्रम वा क्षणिक प्रलोभनमा नपरी, आफ्नो माटो, आफ्नो सन्तानको भविष्य र अर्घाखाँचीको स्वाभिमान सम्झेर नेकपा एमालेको नीति, नेतृत्व र उम्मेदवारप्रति विश्वास प्रकट गरि स्थायित्व, सुशासन, समृद्धि र राष्ट्रिय स्वाधीनताको निरन्तरताका लागि सूर्य चिन्हमा मतदान गरी सेवा गर्ने मौका दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

तपाईंको सेवक,
पीताम्बर भुसाल
प्रतिनिधिसभा सदस्य उम्मेदवार, अर्घाखाँची
९८५७०२९१३२

समृद्ध अर्घाखाँची, सुखी अर्घाखाँचीबासी

# प्रतिबद्धता

१ विकास नीति अर्घाखाँची



## विकास

- अधुरा भौतिक पूर्वाधारहरुको पूर्णता ।
- स्वच्छ खानेपानीका लागि एक घर-एक धाराको सुनिश्चितता ।
- अस्पतालहरुमा दक्ष जनशक्ति, अत्याधुनिक उपकरण र भौतिक पूर्वाधारको सुनिश्चितता ।
- प्रत्येक पालिकामा शैक्षिक परामर्श केन्द सहितको सुविधा सम्पन्न आवशीय स्रोत विद्यालयको विकास ।
- प्रत्येक विद्यालयमा विद्यालय नर्सको व्यवस्था ।
- जिल्ला सदरमुकाम र प्रदेश निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न रंगशाला निर्माण ।
- प्रत्येक पालिकामा रिटर्नी उद्यमशीलता केन्द्र स्थापना ।
- धार्मिक, साँस्कृतिक र पर्यापर्यटन प्रबर्द्धन गर्न पर्यटन सर्किट निर्माण ।
- जनताको साझेदारीमा नौमूरे जलविद्युत आयोजना निर्माण र संचालन ।

## नीति

- वन्यजन्तु नियन्त्रण तथा बालि संरक्षण नीति ।
- दिगो स्वास्थ्य बीमा र गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँचको नीति
- भ्रष्ट्राचार नियन्त्रणमा शुन्य सहनशीलता र भ्रष्ट्राचार मुक्त समाज निर्माणको नीति ।
- भूमि बैंक, युवा स्वरोजगार र गाउँ फर्क अभियानको नीति ।
- सरकारी सेवामा लाइन होइन अनलाईन सेवा प्रवाहको नीति ।
- कृषि उपजको बजारीकरणको ग्यारेन्टी तथा न्यूनतम समर्थन मूल्यमा सरकारले नै खरिद गर्ने नीति ।
- किसानलाई निवृत्तिभरण उपलब्ध गराउने नीति ।
- सरोकारवालको हितमा वैज्ञानिक तथा जनपक्षीय शिक्षा ऐनको निर्माण ।
- युवा, प्रविधि, पर्यटन र खेलकूद विकासको नीति ।

"सुशासन, विकास, समृद्धि र समानताकालागि सूर्यमा मतदान"

कर्मठ र शालीन व्यक्तित्व,
बौद्धिक र प्रतिबद्ध नेतृत्व !



## नेकपा (एमाले) अर्घाखाँची

प्रतिनिधि सभा सदस्यका उम्मेदवार

## क. पीताम्बर भुसालको

समृद्ध अर्घाखाँची, सुखी अर्घाखाँचीबासी

# प्रतिबद्धता-पत्र

सूर्य चिन्हमा
मतदान गरी विजयी गराऔं ।

आदरणीय अर्घाखाँचीबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु !

२०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुन गइरहेको छ। आफ्नो कार्यकाल सकिनु भन्दा अघि नै हुन लागेको यस निर्वाचनको पूर्व सन्ध्यामा नेकपा (एमाले), अर्घाखाँची यहाँहरु सबैलाई हार्दिक अभिवादन व्यक्त गर्दछ । अहिलेको प्रतिनिधि सभाको निर्वाचन गम्भिर र विशेष परिस्थितिमा हुँदै । राष्ट्रिय स्वाधीनता, अखण्डता, सामाजिक सद्भाव र सामाजिक सुरक्षा कमजोर बन्दै गइरहेको छ। अस्थिरताको अन्त्य, राजनीतिक स्थिरता, समृद्धि र विकासको अटल लक्ष्य लिएको नेकपा (एमाले) चुनावी मैदानमा यहाँहरुको अमूल्य मतको विश्वासका साथ उभिएको छ । नेकपा (एमाले) ले शुरु गरेका दीर्घकालिन, लोकप्रिय कामहरुको निरन्तरता र पूर्णताको लागि पार्टीको तर्फबाट प्रतिनिधि सभा सदस्य पदका उम्मेद्वार क. पीताम्बर भुसाललाई सूर्य चिन्हमा मतदान गरी बिजयी बनाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरु:

**अर्घाखाँची**

**पीताम्बर भुसाल**

प्रतिनिधि सभा सदस्य उम्मेदवार

अर्घाखाची

## पूर्वाधारको पूर्णता, हाम्रो प्रतिवद्धता :

छिमेकी जिल्ला जोड्ने, गाउँ तथा नगरपालिकालाई जोड्ने सडकहरु स्तरोन्नति र कालोपत्रेको काम सम्पन्न गर्ने ।

कोट देखि कोटसम्म (अर्घाकोट-बल्कोट-खाँचीकोट-नुवाकोट-अर्घाकोट) चक्रपथ निर्माण कार्य सम्पन्न गर्ने ।

सन्धिखर्क-गोरुसिङ्गे सडक डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्ने कार्य यथाशीघ्र सम्पन्न गर्ने ।

अर्घा भगवती विमानस्थल, सालझण्डी -सन्धिखर्क-ढोरपाटन सडक, मदनभण्डारी राजमार्ग, भालुवाङ्- खर्वाङ्ग सडक, रामपुर-कपुरकोट सडक र साविकको रिडि-सुर्खेत सडकको अर्घाखाँची खण्ड निर्माण सम्पन्न गर्ने ।

खानेपानीको दिगो व्यवस्थापन गर्न अधुरा खानेपानी योजना, लिफ्टिङ्ग र मुहान संरक्षणका ठूला आयोजनाहरु संचालन गरी **"एक घर-एक धारा"** अभियान सम्पन्न गर्दै दिगोपन दिने ।

जीर्ण पुलहरुको अवस्था अध्ययन गरी मर्मत गर्न र नयाँ पुल निर्माण गर्नुपर्ने स्थानमा स्तरीय पुलको निर्माण गर्ने ।

बिद्युत सेवालाई भरपर्दो बनाउन सौर्य उर्जा समेतको प्रवर्द्धन गर्दै उज्यालो अर्घाखाँची कार्यक्रम संचालन गर्ने ।

**१५ फागुन**

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरु:

**अर्घाखाँची**

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

## गुणस्तरीय शिक्षा र सूचना प्रविधि :

- संविधान प्रदत्त अनिवार्य तथा नि:शुल्क शिक्षाको अधिकारको ग्यारेन्टी गर्दै अविलम्ब जनपक्षीय शिक्षा ऐनको निर्माण गर्ने ।
- प्रत्येक विद्यालयलाई प्रविधिमैत्री बनाई सूचना प्रविधिको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सक्षम बनाउने ।
- दलित, अपाङ्ग, द्वन्द्वपीडित तथा सीमान्तकृत वर्गका बालबालिकाहरुलाई सुरक्षित आवास, पोषण र स्वास्थ्य सेवासहितको नि:शुल्क शिक्षा प्रदान गर्ने ।
- प्रत्येक पालिकामा एक/एक वटा सामुदायिक माध्यमिक विद्यालयलाई नमुना आवासीय श्रोत विद्यालयको रुपमा विकास गर्ने ।
- जिल्ला भित्रका प्रत्येक माध्यमिक विद्यालयमा विद्यालय नर्सको दरबन्दी व्यवस्था गर्ने ।
- प्रत्येक गाउँ/नगरपालिकामा शैक्षिक तथा रोजगार परामर्श केन्द स्थापना गर्ने ।
- जिल्लामा CTEVT द्वारा संचालित प्राविधिक शिक्षालयहरुको संचालनलाई प्रभावकारी बनाउने ।
- जिल्लाको सदरमुकाम सन्धिखर्कमा उच्च क्षमताको **“आईटी पार्क र को-वर्किङ स्पेश”** स्थापना गर्ने ।
- प्रत्येक पालिकामा बालबालिका तथा नागरिकहरुको पठन संस्कृतिको विकास गर्न आधुनिक तथा प्रविधिमैत्री पुस्तकालयको व्यवस्थापन गर्ने ।

१५ फागुन

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरु:

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

**अर्घाखाँची**

## गुणस्तरीय स्वास्थ्य सेवा :

- जिल्ला भित्रका १५ शैंयाका अस्पतालहरुलाइ यथाशीघ्र संचालन गर्न दक्ष जनशक्ति र आधुनिक चिकित्सा उपकरणको प्रबन्ध गर्नका साथै सम्पूर्ण स्वास्थ्य चौकीहरुलाई स्तरिकृत गर्ने ।
- अर्घाखाँची अस्पताललाई दक्ष चिकित्सक, अत्याधुनिक भवन तथा उपकरण सहित सुविधा सम्पन्न बनाई पालिका स्तरीय अस्पतालहरुको रिफरल सेन्टरको रुपमा विकसित गर्ने ।
- दीर्घ रोगबाट पीडित बिरामीका लागि निःशुल्क उपचारको लागि आवश्यक नीति बनाउने ।
- नागरिकहरुको स्वास्थ्य सेवाको ग्यारेन्टी गर्न, स्वास्थ्य बीमालाई प्रभावकारी र व्यवस्थित रुपमा लागु गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुले जनस्वास्थ्यमा पुऱ्याएको योगदानको सम्मान गर्न र प्रोत्साहन सहित सेवा अवधि पश्चात उपदानको प्रवन्ध गर्ने ।




**२१ फागुन**

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरु:

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

**अर्घाखाँची**

## कृषिको व्यवसायिकीकरण र आधुनिकीकरण :

- कृषिको व्यवसायीकरण, आधुनिकीकरण मार्फत कृषि उत्पादनमा अभिवृद्धि गर्न आवश्यक नीतिगत प्रबन्ध गर्ने ।
- कृषि उत्पादन पकेट क्षेत्र, जोन र सुपर जोन निर्धारण गरी अत्याधुनिक प्रविधि, बीमा, उन्नत बिउ बिजन र बिचौलिया मुक्त बजारीकरणको ग्यारेन्टी गर्न आवश्यक कानून निर्माण गर्ने ।
- बजार र उचित मूल्य नपाएर बिक्री हुन नसकेको कृषि उपजलाई न्यूनतम समर्थन मूल्यमा खरिदको लागि आवश्यक नीतिगत प्रबन्ध गर्ने ।
- बाली लगाउने समयमा हुने मलखाद तथा बिउँ बिजन अभावको समस्या समाधान गर्ने । जैविक कृषि प्रणालीलाई अभिप्रेरित गर्दै प्रमाणीकरणका आधारमा अर्गानिक कृषि उपजको उच्च मूल्यमा बजारीकरण गर्ने ।
- सुन्तला र कफीको उत्पादन अभिवृद्धि र ब्राण्डिङ्ग गरी बजारीकरण गर्ने ।
- हाट बजारहरुको व्यवस्थापनका आधारमा स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुऱ्याउने ।
- कृषि वनमा आधारित वैज्ञानिक वन व्यवस्थापन नीति लागु गर्दै वन पैदावरको समुचित उपयोग गर्ने ।
- जडिबुटी उत्पादन, संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने ।
- जिल्लाका सिंचाई सुविधा नपुगेका कृषि योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउन । विद्यमान ऐनहरुलाई आवश्यक संशोधन गरी बाँदर, बँदेल लगायत जंगली जनावरबाट खेतीबालीमा हुने क्षतिलाई नियन्त्रण गर्ने ।
- किसानहरुको सुचिकरण गरी किसान पेन्सनको कार्यक्रम संचालन गर्न आवश्यक नीति निर्माण गर्ने ।
- सहकारीताको आधारमा सामूहिक उत्पादन प्रणालीको विकास गरी साना किसानहरुको जीवनस्तर माथि उठाउने ।

१५ फागुन

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरू:

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

**अर्घाखाँची**

## युवा, खेलकूद तथा रोजगारी :

- जिल्लाको सदरमुकाम सन्धिखर्कमा रहेको टुँडिखेलको विस्तार गरी अत्याधुनिक रङ्गशालाको रुपमा स्तरोन्नती गर्ने ।
- जिल्लाभित्र निर्माणाधिन खेलमैदानलाई पूर्णता दिन तथा प्रदेश निर्वाचन क्षेत्रमा १/१ वटा सुविधा सम्पन्न रङ्गशालाहरु निर्माण गर्ने ।
- युवा स्वरोजगार तथा उद्यमशीलताको लागि शैक्षिक प्रमाणपत्र तथा परियोजना धितो राखेर बिना ब्याज स्टार्टअप कर्जा उपलब्ध गराउने ।
- वैदेशिक रोजगारीबाट फर्केका नागरिकको सीप, अनुभव र पूँजी परिचालन गरी उद्यमशीलताको विकास गर्न प्रत्येक पालिकामा रिटर्नी प्रोफाइल तयार गरी स्थानीय सरकारको जमानीमा ऋण, अनुदान, बीमा र राहत प्रदान गर्न **"रिटर्नी उद्यमशीलता केन्द्र"** स्थापना गर्ने ।
- भारत प्रवासमा रहेका र फर्केका प्रवासी नेपालीहरुको सीप, अनुभव र पूँजीलाई स्वरोजगारमा लगाउन आवश्यक नीतिगत प्रबन्ध गर्ने ।
- वन, खानी, कृषिजन्य उद्योगहरु संचालन गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- युवाहरुलाई जिल्लाभित्रै स्वरोजगार सिर्जना गर्न आवश्यक पर्ने तालिम, अवसर र लगानीका माध्यमहरु जुटाउने ।
- युवाहरु माझ लोकप्रिय खेलहरु भलिवल, क्रिकेट, ब्याडमिन्टन आदिका प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्न आवश्यक साधन र स्रोतको प्रबन्ध गर्ने ।
- कृषि र पर्यटनको माध्यमबाट ब्यापक रुपमा रोजगारी सिर्जना गरी स्वास्थ्य, शिक्षा र रोजगारीको कारण पलायन भएको युवा जनशक्तिलाई जिल्लामा फर्काउन आवश्यक नीतिगत प्रबन्ध गर्ने ।

२१ फागुन

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरू:

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

## अर्घाखाँची

### पर्यटकको वृद्धि, गाउँमै काम र कमाइ :

- सुपा देउरालीमा आउने धार्मिक पर्यटकलाई **“धार्मिक-साँस्कृतिक सर्किट”** बनाई जिल्लाका धार्मिक साँस्कृतिक तथा पर्यटकीय स्थलहरुसम्म पुराउने योजना बनाउने ।
- साँस्कृतिक स्थल, समुदाय, बस्तीको पहिचान गरी होमस्टे तथा साँस्कृतिक केन्द्र संचालन गर्ने ।
- जिल्लाका सम्पूर्ण पर्यटकीय स्थलहरुको प्रचार-प्रसार, संरक्षण, विकास तथा पूर्वाधार सम्पन्न बनाउने ।
- पाणिनि तपोभूमिलाई पूर्वीय दर्शन अध्ययन केन्द्रको रुपमा विकास गर्न र जिल्लाका पर्यटन केन्द्रहरुलाई लुम्बिनी, रेसुङ्गा, स्वर्गद्वारी, रुरुक्षेत्र, भैरवस्थान जस्ता पर्यटन केन्द्रसँग जोड्ने “लुम्बिनी पर्यटन सर्किट”को अवधारणा लागु गर्ने ।
- देशका एकसय गन्तब्य मध्ये अर्घाखाँची जिल्लामा रहेका सुपादेउराली र पाणिनि तपोभूमिलाई प्रमुख पर्यटन गन्तब्यको रुपमा विकास गर्न गुरुयोजना बनाई लागु गर्ने ।



७५ फागुन

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिबद्धताहरू:

पीताम्बर भुसाल
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाँची

अर्घाखाँची

## वातावरण र सरसफाईः

- पूर्वाधारहरुको निर्माणमा वातावरणमैत्री विकासलाई प्राथमिकता दिन, हरियाली सडक, ढलरहित नदीनाला र वैज्ञानिक फोहर व्यवस्थापनको लागि आवश्यक प्रवन्ध गर्ने ।
- चुरे क्षेत्रको संरक्षणका निम्ति आवश्यक कार्य गर्न तथा नदीजन्य कटान र भू-क्षय नियन्त्रणका लागि गुरुयोजना बनाई लागु गर्ने ।
- **एक टोल-एक पोखरी** नीति लागु गरी सुख्खायाममा हुने पानीको अभावलाई कम गर्ने ।
- पूर्ण सरसफाईयुक्त जिल्ला बनाउने ।

७५ फागुन

# समृद्ध अर्घाखाँचीका लागि हाम्रा प्रतिवद्धताहरु:

**पीताम्बर भुसाल**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
अर्घाखाची

## सामाजिक सुरक्षा तथा सुशासन :

- प्रत्येक पालिकामा जेष्ठ नागरिकका लागि पार्क र दिवा सेवा केन्द्र स्थापना गरी दिवा खाजा, नर्सिङ्ग सेवा लगायतका सुविधा उपलब्ध गराउन आवश्यक नीति बनाउने ।
- सामाजिक सुरक्षा भत्तामा न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने गरी समयानुकूल वृद्धि गर्दै लैजाने ।
- राजनैतिक, सामाजिक, आर्थिक र उत्पादनमूलक क्षेत्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- प्रशासनिक सेवाप्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाउन सुचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिने ।
- न्यायिक क्षेत्रमा ढिलो न्याय दिने प्रणाली परिवर्तन गरी छिटो न्याय दिलाउने भुमिका खेल्ने ।
- शितगंगा नगरपालिकाको ठाडामा इलाका प्रशासन कार्यालय स्थापनाको लागि जोड गर्ने ।
- घरमै बसेर प्रशासनिक सेवा पाउन डिजिटल अनलाइन प्रविधिको प्रयोगका निम्ति आवश्यक नीतिगत प्रबन्ध गर्न । भष्ट्रचारमा शुन्य सहनशीलता, नागरिकमैत्री सेवा प्रवाह र सेवा प्रवाहमा हुने ढिलासुस्ती रोक्न दृढ र प्रभावकारी कदम चाल्ने ।
- सामाजिक सद्भाव, मित्रता र सहयोगी भावनाको विकास गर्न सामाजिक संघ-संस्थाहरुलाई परिचालन गर्ने ।
- निर्वाचन जितेर काठमाण्डौंमा बसिरहने प्रवृत्तिको अन्त्य गरी जनताका गुनासा सुन्न र आवश्यकता बुझ्न “सांसद सचिवालय” स्थापना गर्ने र हरेक ३ महिनामा सार्वजनिक सुनुवाई गरी पारदर्शी र भष्ट्राचारमुक्त प्रशासनको ग्यारेण्टी गर्ने ।
- भूमिहीन दलित तथा सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरण गर्ने साथै अव्यवस्थित बसोवासीलाई प्रकृया पुऱ्याई व्यवस्थित गने ।
- सुरक्षित जनताआवास र एकीकृत बस्ती विकास गर्ने ।
- अल्पसंख्यक जाति (गन्धर्व, वादी, मुश्लिम आदि) समुदायको संस्कृति र पहिचानको संरक्षण र सम्वर्द्धन गर्दै लोक संस्कृति र परा‍म्परागत लोकबाजा, लोक नृत्य र परम्परागत पेशाको संरक्षण र प्रबर्द्धन गर्ने ।
- यातायात व्यवसायी तथा यातायात श्रमिकका समस्या समाधान गर्न जिल्लाभित्रै यातायात व्यवस्था कार्या


१५ फागुन

# पीताम्बर भुसाल

प्रतिनिधि सभा सदस्य उम्मेदवार

अर्घाखाची



आदरणीय अर्घाखाँचीबासी विवेकशील मतदाता ज्यूहरु !

हाम्रो जिल्लाको विकास र सम्मुन्नतिका लागि भौगोलिक, सामाजिक, आर्थिक अवस्थालाई ध्यानमा राखि जनआकांक्षा अनुरुप काम गर्न हामीले भरमगदुर प्रयास गर्नुपर्नेछ । नेकपा (एमाले) यस कार्यमा अर्घाखाँचीबासी सबै जनतासँग हातेमालो गर्न चाहान्छ । जनताको सक्रिय सहभागिता र क्रियाशील भूमिका बिना सार्थक विकास हुन सक्दैन भन्ने हाम्रो मान्यता रहेको छ । नेकपा (एमाले) नेतृत्वको सरकार निर्माण हुँदा गरिने कामलाई पार्टीले घोषणा पत्रमा **समृद्धिका २५ स्तम्भ**का रुपमा अघि सारेका छौं । आम मतदाताहरुका चाहना र बिषय विज्ञका सल्लाहका आधारमा विकास र सुशासनका काम अघि बढाउने छौं । पार्टीले घोषणा पत्रमा उल्लेख गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सबै दिदीबहिनी, दाजुभाईहरुको विश्वास, सद्भाव, सहयोग र सहकार्यका लागि आब्हान गर्दछौं ।

अर्घाखाँचीलाई समृद्ध बनाउने, अर्घाखाँचीवासी जनतालाई सुखी बनाउने, नेपालको स्वाधीनता र स्वाभिमान जोगाउने, जनताको लोकप्रिय पार्टी नेकपा (एमाले) नै हो । यस पार्टीलाई देशको निर्णायक राष्ट्रिय शक्ति बनाउनु पर्दछ । लोकतान्त्रिक विधि, संवैधानिक प्रक्रियाबाट र जनताको लोकप्रिय मतबाट बहुमतको सरकार निर्माण गर्न यो निर्वाचन महत्वपूर्ण अवसर हो । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गरी देशलाई सही गन्तब्यमा पुराउन यहाँहरुले सूर्य चिन्हमा अमूल्य मत प्रदान गरि नेकपा (एमाले), अर्घाखाँचीका उम्मेदवार **क. पीताम्बर भुसाल**लाई बिजयी बनाउनुहुन हामी हार्दिक अनुरोध गर्दछौं ।

**एमाले परिवर्तनको संवाहक हो, एमालेले नै विकास र समृद्धिको नेतृत्व गर्छ !**

२१ फागुन

**निर्वाचन परिचालन कमिटी**

**नेकपा (एमाले), अर्घाखाँची**